**सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको**
**नवौं वार्षिक साधारण सभाको**
**काम कारवाहीको विवरण**
**(माइन्यूट)**

**१. वैधानिक सभा**

कम्पनी ऐन २०६३ र बैंकको नियमावली बमोजिम बैंकको नवौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष बालकृष्ण प्रसाँईज्यूको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

**२. सभाको मिति, स्थान र समय**

मिति :- २०७२ साल आश्विन २८ गते (अक्टोबर १५, २०१५), बिहीबार
स्थान :- अमृत भोग, कालिकास्थान, डिल्लीबजार, काठमाण्डौं
समय :- विहान: ११.०० बजे

**३. सभाको सूचना**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम बैंकको नवौं वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै नागरिक दैनिक पत्रिकामा मिति २०७२/०६/०६ गते तथा कारोवार राष्ट्रिय दैनिक पत्रिकामा २०७२/०६/१२ मा सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयको सुचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो । सभा सम्वन्धी सम्पूर्ण विवरण बैंकको website www.ctznbank.com मा मिति २०७२/०६/०६ मा प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषयहरु**

**क. साधारण प्रस्तावहरु**

१. आ.व. २०७१/७२ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७२ आषाढ मसान्तको वासलात र मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।

३. मिति २०७२ बैशाख १२ गतेको महाभुकम्पवाट पिडितहरुको राहतको लागी प्रधानमन्त्री दैवि प्रकोप राहत कोषमा बैंकको तर्फवाट प्रदान गरिएको रु. १ करोड नगद चन्दा र विभिन्न जिल्लाका भुकम्प पिडितहरुलाई सहयोगार्थ रु. २१ लाख ४७ हजार बराबरको जिन्सी सामान अनुदानलाई अनुमोदन गर्ने ।

४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १.०५ प्रतिशतका दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७२/७३ को लागि लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (साबिकको लेखापरिक्षक श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस् चार्टड एकाउन्टेन्टस् हाल पनि लेखापरिक्षण गर्न योग्य हुनहुन्छ।)

६. बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद चारको र संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको समूह "ख १" शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद एकको निर्वाचन गर्ने ।

**ख. विषेश प्रस्तावहरु**

१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार २० प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा सो वोनस शेयर वितरण तथा प्रिमियर फिनान्स लि.लाई प्राप्ती पश्चात कायम हुने चुक्ता पूंजीमा नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पूंजी वृद्धि गर्नको लागी शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको १० : ५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो गर्नको लागी आवश्यक काम कारवाही गर्नको लागी संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी १० : ५.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गर्ने । तत्पश्चात बैंकको जारी तथा चुक्ता पुंजी रु. २,५५,४३,६१,५१४।- बाट वृद्धि भई रु.४,८०,९१,१६,९००।- (अक्षेरुपी रु. चार अरब असी करोड एकानव्वे लाख सोह्र हजार नौ सय मात्र) हुने र विद्यमान ५१.२८:४८.७२ पूंजी संरचना समेत परिवर्तन भई ५१.३२ : ४८.६८ हुने भएकोले सोही अनुसारको संलग्न अनूसुची वमोजिम हुने गरि बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने ।

२. प्रवन्धपत्र तथा नियमावलीमा संलग्न अनूसुची बमोजीम निम्नानुसारको संशोधन गर्ने

(क) बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुमा थप गर्ने सम्वन्धी
(ख) बैंकको अधिकृत पूंजी, जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने सम्वन्धी,
(ग) शेयर खरिद वा हस्तान्तरण गर्न वन्देज सम्वन्धी,
(घ) संचालकहरुको वैठक भत्ता तथा अन्य सुविधा वृद्धि गर्ने सम्वन्धमा

३. बैकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्ने ।

४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा उपयुक्त कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धमा

अ. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य कुनै पनि उपयुक्त वित्तीय संस्था एक आपसमा गाभ्न वा गाभिन (मर्जर) तथा प्राप्ति (एक्विजिसन) गर्न सञ्चालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरि सो समितिले वा सञ्चालक समितिले नै सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अगाडि बढाउन साधारणसभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

आ. नेपाल राष्ट्र बैकबाट जारी भएको बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली २०६८ तथा प्राप्ति सम्बन्धी विनियमावली २०७० मा तोकिए बमोजिम सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिनेसमेतका अधिकार संचालक समितिलाई हस्तान्तरण गर्ने ।

ग. विविध

५. उपस्थिति

५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | | |
|---|---|---|
| १. | श्री बालकृष्ण प्रसाई | अध्यक्ष |
| २. | श्री मनोहर दास मुल | सञ्चालक |
| ३. | श्री प्रकाश चन्द्र मैनाली | सञ्चालक |
| ४. | श्री पवित्र कुमार कार्की | सञ्चालक |
| ५. | श्री अर्जुनलाल राजबंशी | सञ्चालक |
| ६. | श्री विजय ध्वज कार्की | सञ्चालक |

५.२ अन्य पदाधिकारीको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री राजन सिंह भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री गणेश राज पोखरेल | कम्पनी सचिव |

५.३ शेयरधनीहरुको उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | स्वयम् उपस्थित हुने शेयरधनीको संख्या | : | ९३९ |
| २. | प्रतिनिधि पत्र मार्फत उपस्थित हुने शेयर धनी संख्या | : | १७३ |
| ३. | जम्मा उपस्थित संख्या | : | १,११२ |

६. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)

| विवरण | कूल संख्या | जम्मा उपस्थिति | कूल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|
| शेयरधनी संख्या | ६५,५६९ | १,११२ | ५४.२४ प्रतिशत |
| समूह "क" | ३२७ | १५० | ४३.३३ प्रतिशत |
| सर्वसाधारण समूह "ख" समूह | ६४,८१३ | ९०७ | २.५२ प्रतिशत |
| सर्वसाधारण समूह "ख१" समूह | ४२९ | ५५ | ८.३९ प्रतिशत |
| शेयरधनीहरुले ग्रहण गरेको कूल शेयर कित्ता | २,५५,४३,६१५.१४ | | १००.०० प्रतिशत |

७. सभाको वैधानिकता र सभाको सभापतित्व

७.१ कम्पनी ऐन, २०६३ तथा बैंकको नियमावली बमोजिम सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल ६५,५६९ शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम बैंकको नवौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ९३९

भएको र प्रोक्सी मार्फत १७३ गरि कुल शेयरको ५४.२४ प्रतिशत प्रतिनिधित्व भएको हुंदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ बैंकको नियमावलीमा व्यवस्था भए बमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने कुरा कम्पनी सचिवले जानकारी गराउँदै विहान ११:०० बजे अध्यक्ष श्री बालकृष्ण प्रसाईज्यूको सभापतित्वमा बैंकको नवौं वार्षिक साधारण सभा शुरु गर्न अनुरोध गर्नुभयो ।

७.३ सभाका सभापतिले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो ।

## ८. वार्षिक साधारण सभाको प्रस्तुती :

सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व.२०७१।७२ को सञ्चालक समितिको प्रतिवेदन अध्यक्षज्यूले सभामा पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नुभयो । तत्पश्चात् अध्यक्षज्यूले सभा समक्ष लेखा परीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात, २०७१।०४।०१ देखि २०७२।०३।३१ सम्मको नाफा नोक्सान हिसाव, नाफा नोक्सान बाडंफाडं हिसाव र नगद प्रवाह विवरण सहितका सम्पूर्ण वित्तीय विवरणहरु छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो । अध्यक्षज्यूले चौथौं विशेष साधारण सभा तथा यस नवौं वार्षिक साधारण सभाका प्रस्तावहरु अन्तर सम्बन्धित रहेका कारण दुवै सम्मानित सभाहरुलाई सँगै अघि बढाउने अनुमति सभा समक्ष राख्नु भएकालाई सभाले अनुमति प्रदान गर्नुभयो ।

## ९. छलफलको लागि आह्वाान र सहभागी शेयरधनी महानुभावहरु

९.१ बैंकको आ.व. २०७१।७२ को वार्षिक प्रतिवेदन, २०७२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७१।७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् देहायका शेयरधनीहरुले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै देहाय अनुसार जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम

१. अमृत नाथ रेग्मी
२. भक्ति प्रसाद उप्रेती
३. डा. माधव कुमार श्रेष्ठ
४. बैंजु नाथ रौनियार
५. महेन्द्र बहादुर श्रेष्ठ
६. उद्धव प्रसाद घिमिरे
७. व्यास कुमार शर्मा
८. शिव प्रसाद शर्मा
९. रोज कुमार श्रेष्ठ
१०. डमरु बल्लभ घिमिरे
११. जयन्द्र मान सिंह बानियाँ
१२. चन्द्र नारायण श्रेष्ठ

१३. नरसिंह लाल चखूँ
१४. राम गोपाल महर्जन
१५. उत्तम पाठक
१६. राजु श्रेष्ठ

**१०. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नुभएका सराहना, जिज्ञासा, सुझाव तथा मन्तव्य**

आ-आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा शेयरधनीहरुले सर्वप्रथम बैंकका अध्यक्ष तथा संचालक र व्यवस्थापनलाई धन्यवाद दिनुभयो र बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो तथा विजया दशमी र दिपावलीको शुभकामना दिनुभयो । बैंकको संचालक समितिद्धारा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन माथि टिप्पणी गर्दै बैंकबाट भए गरिएको कार्यहरुको मुल्याङ्कन गरि राम्रा कामको सराहना तथा देखिएका कमी कमजोरीहरु औल्याउदै आगामी दिनहरुमा सुधार गर्दै लैजानु पर्ने कुरामा जोड दिनु भयो । बैंकको हितको लागी शेयरधनीहरुले आ-आफ्नो तर्फबाट सुझाबहरु प्रस्तुत गर्नुभयो । बैंकसँग संलग्न सबै पक्षलाई धन्यवाद दिनुभयो । साथै, बैंकिंग व्यवसायको नयाँ क्षेत्र पहिचान गरि उक्त क्षेत्रमा सेवा विस्तार गरि वित्तीय व्यवसायलाई अझ अगाडी बढाउँदै लैजानु पर्ने कुरामा जोड दिनुभयो । साथै, यस वर्षको मुनाफाबाट दिइएको २० प्रतिशत बोनश शेयर उत्तम भएको कुराको सराहना गर्दै, आगामी वर्षहरुमा थप पूँजी वृद्धि पश्चात् लाभांशलाई निरन्तरता दिन र लाभांश कम हुन नदिन बैंकको संचालक समितिको ध्यानाकर्षण गराउनुभयो ।

**११. छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनी वक्ताहरुले व्यक्त गर्नु भएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

**१. अमृत नाथ रेग्मी**

बैंकको पूँजी योजनामा टिप्पणी गर्दै पूँजी रु. ८ अर्ब पुऱ्याउँदा बैंकको vision के हुने भन्ने कुराको जानकारी शेयरधनीहरुलाई दिन आग्रह गर्नुभयो । यस बैंकको अन्य वाणिज्य बैंकहरुसँग तुलना गर्दै पहिलो वरियता समूहमा अर्थात रु. १ अर्ब नाफा कमाउने बैंकहरुको समुहमा जान र त्यस्ता बैंकहरुको विशेषता हेरेर त्यसता विषेशता अँगाल्नु पर्ने आग्रह गर्नुभयो । पहिलो वरियता समूहमा पर्ने बैंकहरुको विषेशतामा इक्विटि र साधारण जगेडा कोषको अनुपात ५० प्रतिशत हुनुपर्ने, डिबेन्चर बढि हुनुपर्ने, सापटि कम हुनुपर्ने, निक्षेपमा विदेशी निक्षेपको अनुपात पनि बढि हुनुपर्ने र financial charges बढि हुनुपर्ने जस्ता कुरा औल्याउँदैं बैंकले पनि आगामी दिनमा सोहि अनुरुपको रणनीति अपनाउनुपर्ने आग्रह गर्नुभयो । उहाँले data management, disaster management र storage management को व्यवस्था कस्तो रहेको छ भन्ने कुराको जानकारी दिन पनि आग्रह गर्नुभयो । यस बैंकको राम्रो पक्षमा पनि उहाँले प्रकाश पार्दै पहिलो वरियता समूह भन्दा हाम्रो बैंकको LLP writeback बढि भएकोमा बधाई दिनुभयो र यो अपलेखन प्राप्तीले गर्दा बढि देखिएको हो की भन्ने प्रश्न पनि गर्नुभयो र सो को जानकारी शेयरधनीहरुलाई दिन आग्रह गर्नुभयो । यस बैंकले जलविद्युतमा लगानी गर्दा निजी क्षेत्रबाट भन्दा पब्लिक कम्पनिबाट प्रर्वद्धित जलविद्युत आयोजनबाट बढि फाइदा हुने कुरामा जोड दिनुभयो । बैंकिक क्षेत्रमा आएको समस्यालाई कसरी सामाधान गर्ने रणनीति बनाउन र बैंकको पूँजी रु. ८ अर्ब पुगेपछि कस्तो लाभांश योजना अंगीकार गर्ने कुराको जानकारी शेयरधनीहरुलाई दिन आग्रह गर्नुभयो ।

## २. भक्ति प्रसाद उप्रेती

उहाँले आफ्नो मन्तव्य शुभकामना, धन्यवाद र सुझाव गरि तीन भागमा प्रस्तुत गर्नूभयो । उहाँले नजिकीदै गरेको चाड पर्वको शुभकामना व्यक्त गर्नुका साथै यस वर्ष सबैभन्दा पहिला वार्षिक साधारण सभा गरेकोमा धन्यवाद दिनुभयो । यस बैंकले अहिले सम्म करले नभएर रहरले साधारण सभा सम्पन्न गर्ने हुँदा बैंकको व्यवस्थापन चुस्त रहेको कुरा प्रस्ट्याउनुभयो । शेयरधनीले नभनिकनै fraction share को व्यवस्थापन गरेको, सबैभन्दा राम्रो संस्थागत सुशासन यस बैंकमा भएको तथा शाखाहरुको नेटवर्क नेपालको नक्सामा देखाइएको कुराको प्रशंसा गर्नुभयो । उहाँले रु. ८ अर्ब पूँजी पुऱ्याएको अवस्थामा बैंकले रु. १ खर्ब निक्षेप पुऱ्याउनुपर्ने अनिमात्र रु. २ अर्बको नाफा हुन्छ भन्ने कुरामा जोड दिनुभयो । बैंकले छ वर्षको योजना बनाई अगाडि बढ्नुपर्ने बताउनुभयो । बैंकले Research and Development Wing राख्नु पर्ने साथै मानव संसाधन तर्फ कर्मचारीलाई छ वर्षको करार गरी पढ्न पठाउनुपर्ने तथा दुर्गममा कार्य गरेका कर्मचारीलाई सुगम ठाउँमा पनि अवसर दिनुपर्ने कुरामा जोड दिनुभयो । बैंकले आफ्नो Internal Control System राम्रो बनाउनुपर्ने, कोषमा रकमान्तर गर्दा सुरक्षाको प्रत्याभुती गर्नुपर्ने तथा वार्षिक विवरणमा पाश्चात्य चलनमा नभएर पुर्वको चलन अनूसार प्रकाशित गर्नुपर्ने कूरामा प्रकाश पार्नुभयो ।

## ३. डा. माधव कुमार श्रेष्ठ

अध्यक्षज्यू लगायत उपस्थित सम्पुर्ण महानुभावहरुलाई धन्यवाद दिदै वहाँले आफ्नो मन्तव्य शुरु गर्नुभयो । नवौ साधारण सभाको प्रतिवेदन घरघरै नपठाएकोमा गूनासो व्यक्त गर्नुभयो र साथै एक दुई दिन अगाडि पठाउन सुझाव दिनुभयो । वार्षिक प्रतिवेदनमा २० प्रतिशत बोनस शेयर र कर प्रयोजनमा लागी १.०५ प्रतिशत प्रस्ताव गरेकोमा संचालक समितिलाई धन्यवाद ज्ञापन गर्दे वोनस शेयर is boom to shareholders भनेर सिटिजन्स बैंक इन्टरनेसनल लि. को तारिफ गर्नूभयो ।

नेपाल राष्ट्र बैंकले रु ८ अर्ब पूँजी अन्तर्राष्ट्रिय बैंकको पूँजी हेरेर ल्याएको होला भनेर नेपाल राष्ट्र बैंकलाई पनि धन्यवाद दिनुभयो । उहाँले बैंकको शाखा संख्या बढाउँदा आगामी दिनमा होस पुऱ्याउन आग्रह गर्नुभयो र शाखा संख्या बढ्नाले वासलातको आकार बढ्दैन भनि सुझाव दिनुभयो । बैंकको शाखाको संख्याका साथ-साथै शाखाहरुको गुणस्तरिय सेवालाई पनि बढाउँदै लैजान आग्रह गर्नुभयो । People and experience are useless if we are not solving the problem भनेर औल्याउनुभयो र ultimate test of leadership is sustainability and success of the institution भन्नु भयो । उहाँले साधारण शेयरहोल्डरलाई कसरी millionaire बनाउने भन्ने योजना बनाउन पनि आग्रह गर्नुभयो । Vigilance of Regulator भनेर नेपाल राष्ट्र बैंकलाई सर्तक रहन आग्रह गर्नूभयो र हालको राजनीतिक परिस्थितिलाई ध्यान दिनुपर्छ भन्नु भयो । उहाँले संचालक समिति कस्तो हुनुपर्छ, संचालक समितिले के के मा ध्यान दिनूपर्छ, साथै Roles of independent director लाई define गर्दै संस्थागत सुशाशन अझ राम्रो बनाउन आग्रह गर्नूभयो ।

## ४. बैंजु नाथ रौनियार

२० प्रतिशत बोनश शेयर शेयरधनीहरुलाई राम्रो प्रतिफल हो भन्दै धन्यवाद दिदैं अर्को वर्ष अझ बढाउँदै लानेमा विश्वस्त हुनुभयो । प्रिमियर फिनान्सलाई प्राप्ती गर्नु राम्रो पक्ष र share swap अनुपात १०: २.८ पनि सान्दर्भिक देखिएको जनाउनुभयो । Fraction share लाई के गर्ने भन्नेमा संचालक समिति बाट निर्णय गर्नुपऱ्यो भनेर सुझाव दिनुभयो । हकप्रद शेयर १०:५.५ प्रस्ताव गरेको राम्रो पक्ष भनेर स्वागत गर्नुभयो र उक्त हकप्रद शेयर छिटो भन्दा

छिटो वितरण गर्न संचालक समिति लाई अनुरोध गर्नुभयो । बैंकले CSR मार्फत २०७२ सालको भुकम्पमा प्रधानमन्त्री राहत कोषमा रु १ करोड दिएको कुराको स्वागत गर्दै, आगामी दिनमा सामाजीक उत्तरदायित्वको क्रियाकलाप गरिराख्न अनुरोध गर्नुभयो । बैंकले बैंकका उत्कृष्ट शाखालाई पुरस्कार वितरण गरेर राम्रो व्यवस्था कायम गरेको र सो कार्यलाई निरन्तरता दिन अनुरोध गर्नुभयो । महिला कर्मचारीको अनुपात ३१% भएकोमा ३३% बनाउन सुझाव दिनुभयो । भत्ता बढाउने प्रस्ताव राम्रो भएको र सोहिअनुसार शेयरधनिहरुलाई प्रतिफल बाड्ने आशा व्यक्त गर्नुभयो । समग्रमा बैंकको कारोवारको वृद्धि भएको र subsidiary company छिटो भन्दा छिटो संचालनमा आओस् भनेर इच्छा व्यक्त गर्नुभयो । बडा दशैं, तिहारको शुभकामना दिदै बैंकले उतरोत्तर प्रगति गरोस् भनेर उहाँले आफ्नो मन्तव्य टुङ्याउनुभयो ।

**५. महेन्द्र बहादुर श्रेष्ठ**

२० प्रतिशत Bonus शेयर दिएको तथा साधारण सभा चाडैं गरेकोमा धन्यवाद दिनुभयो । अहिलेको परिस्थिती, भुकम्प र नाकाबन्दीले गर्दा बैंकको Business Strategy मा के कति असर पर्‍यो शेयरधनीहरुलाई जानकारी गराउन अनुरोध गर्नुभयो । बैंकले लगानी गर्दा देश आत्मनिर्भर हुने लगानीमा लगानी बढाउन र यहि देशमा उत्पादन हुने कुरामा लगानी बढाउन आग्रह गर्नुभयो । बैंकको पूँजी वृद्धि गर्न NHMFL र PEFIL को प्राप्ती गरिसकेको र प्रिमियर फिनान्सलाई प्राप्ती गर्नु राम्रो हुने कुरामा विश्वस्त हुनुभयो । बैंकले भुकम्पमा CSR गरेको कार्यलाई सराहनिय भन्दै जनतालाई सघाउनु राम्रो पक्ष देखिएको भन्नुभयो । व्यापार ठप्पले बैंकिङ नफस्टाउनेले आगामी दिनमा चुनौति रहने र आगामी वर्षमा पनि साधारण सभा चाडै होस् भनेर धन्यवाद ज्ञापन गर्नुभयो ।

**६. उद्धव प्रसाद घिमिरे**

सभामा उपस्थित अध्यक्षज्यू, संचालक समितिका सदस्यज्यूहरु, व्यवस्थापन समूह, संचारकर्मी तथा सम्पूर्ण शेयरधनीज्यूहरुलाई अभिवादन तथा नमस्कार गरि यस बैंकको यो सम्मानित घडीमा अभिवादन गर्नुभयो । 'ग' वर्गका वित्तीय संस्थाहरु प्राप्ति गरे पश्चात् पनि प्रतिफल उत्कृष्ट देखिएकोमा धन्यवाद दिंदै गौरवमय देखिएको तथा कर्मचारीरुहरुको अथक प्रयास रहेकोमा खुशी व्यक्त गर्नु भयो । भिडियोमा देखिएका पावरपोइन्टमा तथा वासलातका प्रगति चार्टहरुबाट बैंकको प्रगति प्रष्ट देखिन्छ । बैकको information technology राम्रो भएकोमा तारिफ गर्नुभयो । Dynamic CEO संगै यस बैंक अगाडि बढि रहेको र international जगतमा पनि पुऱ्याउन सुझाव दिनु भयो । Remittance increase गर्ने , remittance exchange संग सम्झौतागर्ने , निक्षेप वढाउने, branch network बढाउने जस्ता अमूल्य सुझाव दिनु भयो । बैंकले भुकम्प पिडितका लागि रु. १ करोडको चन्दा दिनुभएकोमा हार्दिक धन्यवाद दिनु भयो ।

Foreign exchange income तथा LC portfolio बढाउनु पर्ने तर्फ सजग गराउनु भयो । बैंकले हकप्रद शेयर कहिले देखि जारी गर्ने हो छिटो भन्दा छिटो शेयरधनीहरुलाई जानकारी दिन अनुरोध गर्नु भयो । बैंकका सम्पूर्ण पक्ष राम्रो भएता पनि अबका दिनमा बैंकले कृषि क्षेत्रमा पनि लगानी बढाउनुका साथै बैकिङ्ग पोलिसिमा अझ बढि ध्यान दिन सुझाव दिनु भयो ।

साथै भोलिका दिनहरुमा राम्रा-राम्रा कार्यक्रम ल्याई आगामी वर्षहरुमा पनि प्रतिफल राम्रो पाउन सकियोस् भनि धन्यवाद प्रकट गर्नु भयो ।

**७. व्यास कुमार शर्मा**

संचालक समिति, अध्यक्ष, व्यवस्थापन र शेयरधनीहरुलाई नमस्कार र दशैं, दिपावली, छठ को शुभकामना दिनुभयो । बैंक सुरुवातबाटै राम्रो रहेको र लगानीकर्ता लाई कहिल्यै निरास नपारी केही न केही दिदैं आएको बैंक भनेर प्रशंसा गर्नुभयो । बैंकमा समग्र रुपमा नेपाल राष्ट्र बैंकको अनुपालन राम्रो हुनुपर्नेमा जोड दिनुभयो । Reserve and Surplus मा वृद्धि भएको, निक्षेप र कर्जामा सन्तुलित वृद्धि भएको जनाउनुभयो । विगत १ वर्षमा १ अर्बले वासलातको size वृद्धि भएको राम्रो लक्षण भएको तथा income statement मा राम्रो प्रगति का साथै LLP decrease भएको बैंकको सबल पक्ष रहेको जनाउनुभयो र प्राप्तीले गर्दा संचालक र व्यवस्थापनले सतर्कता अपनाउनुपर्ने र कर्जा को गुणस्तर ठीक छ कि छैन भनेर ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । बैंकको capital plan राम्रो भएको तथा दशैं अगाडी साधारण सभागर्ने कार्यलाई निरन्तरता दिन आग्रह गर्नुभयो । हकप्रद शेयर आउँदो ६ महिनाभित्र दिन अनुरोध गर्नुभयो । पूँजी वृद्धिपछि बैंकले लाभांश दिन सक्षम बनाउन बैंकलाई कुशल हुन आग्रह गर्नुभयो । बैंकले NPA ratio घटाउन ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

**८. शिव प्रसाद शर्मा**

२०% बोनश शेयर दिएकोमा धन्यवाद तथा fraction आएकालाई उचित व्यवस्थापना गर्न आग्रह गर्नुभयो । Capital Plan अहिलेको अवस्थामा सराहनिय रहेको र रु. ८ अर्ब पूँजी पुगेपछि लाभाशंमा के कति असर पर्ला साथै लाभाशं बढाउन लगानी बढने हो कि होइन भनेर प्रश्न गर्नुभयो ।

जलस्रोतको धनी देशमा hydropower मा ९८ मेगावाटमा लगानी गरेको राम्रो पक्ष रहेको तर कृषि प्रधान देशमा कृषिमा खासै लगानी नदेखिएको भनेर आगामी दिनमा कृषिमा लगानी बढायन आग्रह गर्नुभयो र साथै लगानी गर्दा राम्रो क्षेत्रमा गर्नुहुन आग्रह गर्नुभयो ।

हकप्रद शेयर कहिले निष्काशन हुने हो जानकारी दिन आग्रह गर्नुभयो । पूँजी रु. ८ अर्ब हुदाँ लगानी कता गर्ने कसरी व्यवस्थापन गर्ने, सहि ठाउँमा भएको नभएको आकलन गर्ने जस्ता कुरालाई ध्यान दिन आग्रह गर्नुभयो । शाखाहरुको आम्दानी कसरी बढाउने तथा अरु नयाँ लगानी योग्य क्षेत्र खोजेर लगानी गर्न आग्रह गर्नुभयो ।

**९. रोज कुमार श्रेष्ठ**

सर्वप्रथममा सभामा उपस्थित अध्यक्षज्यू, संचालक समितिका सदस्यज्यूहरु तथा सम्पूर्ण शेयरधनीज्यूहरुलाई धन्यवाद दिदैं सिटिजन्स बैंक इन्टरनेश्नलको प्रगति भएको छर्लङ्ग देखिएकोमा खुशि जाहेर गर्नु भयो । वर्तमान नाकावन्दीको परिप्रेक्षमा यस बैंकले विद्युतमा लगानी गरेर यसको दुर्दशी कदम चालेको प्रसंसा गर्नुभयो । यस आ.व. को प्रतिवेदनमा विद्युत उत्पादनमा निर्माणाधिन योजनाहरु खुलाए पनि निर्माणाधिन सम्पन्न प्रतिशतको पनि जनाएको भए राम्रो हुने थियो भनि आग्रह गर्नुभयो । बैकले मर्ज निती नअपनाई आफ्नो खुट्टामा आफै उभिई बैंकले २ वर्षमा ८ अर्व पुऱ्याउने जमर्को गरेको देखिएकोमा तारिफ गर्नु भयो । रिजर्भ बढेकोमा राम्रो पक्ष भनेर तारिफ गर्नुभयो ।

वासलातमा NBA नदेखिएको तर Annexure १५ मा भने देखिएकोले यस बारेमा प्रतिकिया पाउँ भनि अध्यक्षज्यूलाई आग्रह गर्नुभयो । कर्जा सापट बढेकोमा अर्को वर्ष प्रतिफल पनि बाढ्नु हुन्छ कि भनि आस गर्नुका साथै LLP घटेकोमा बैंक व्यवस्थापन चनाखो भएको देखिएको भन्नुभयो ।

एक्विजिसनबाट प्राप्त भएको डिल्लीवजारको शाखा कार्यालय भवन महाभुकम्प पछि निर्मानाधिनमा अवस्था रहि शाखा अन्यन्त्र सारिएको ठाउँ सानो हुँदा कर्मचारीहरु सेवा दिन तत्पर भएता पनि ठाउँको अभावले सेवाग्राहीहरु अल्मलिएको

हुँदा यथाशिघ्र मर्मत कार्य सम्पन्न गरि राम्रो सेवा पुऱ्याउन सुझाव दिनुभयो । अन्तमा यस साधारण सभाको र विशेष साधारण सभाको सबै प्रस्तावहरु पारित भई आगामी वर्षमा बैंकले राम्रो प्रगति गरोस् भनि शुभकामना व्यक्त गर्नु भयो ।

**१०. डमरु बल्लभ घिमिरे**

सहि वाटो, निति अपनाएर डोऱ्याउन सकेकोमा सिटिजन्स बैंक इन्टरनेसनल लि.को सहासिक संचालक समिति तथा अन्य व्यक्तिहरुलाई बधाई दिनूभयो । रु. ८ अर्ब पूँजी पुऱ्याउनुपर्ने नेपाल राष्ट्र बैंकको स्वागत योग्य कदम, साथै २० प्रतिशत वोनस प्रस्ताव गौरवको विषय भएकोमा संचालक समिति, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापनलाई धन्यवाद दिनुभयो । नेपाल राष्ट्र बैंकको मर्जर र प्राप्ति निति अर्न्तगत संचालक समितिले प्राप्तिलाई प्राथमिकता दिएकोमा स्वागत योग्य कदम भनेर प्रसंसा गर्नुभयो । नेपाल हाउसिङ्ग मर्चेन्ट फाइनान्स लि. र पिपल्स फाइनान्स समस्यामा रहेका वित्तिय संस्थालाई उदार गरी यस सिटिजन्स बैंक इन्टरनेसनल लि. ले शेयरहोल्डरको विश्वास जितेको जनाउनुभयो । उहाँले बैंकको सम्पत्ति रहेको डिल्लीबजार, महाबौद्धको घर use मा राख्ने कि बेच्ने भन्ने व्यवस्थापनले निति बनाउन जोड दिनूभयो । NBAको portion धेरै देखिएकाले, प्रतिवेदनमा NBA कस्तो हो भनेर खुलाउन आग्रह गर्नूभयो । आउँदा दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लि. ले अझ राम्रा राम्रा कम्पनी प्राप्ति गरोस भन्ने सुझाव दिनुभयो । विशेष साधारण सभाको प्रस्तावको सर्मथन गर्दे वडा दशैं, तिहार र छठको शूभकामना दिदै बैंकले आउँदा दिनमा प्रगति गरोस् भनेर शुभकामना दिनुभयो ।

**११. जयन्द्र मान सिंह बानियाँ**

नवौं वार्षिक साधारण सभामा उपस्थित हुनु भएका अध्यक्षज्यू, संचालक समितिका सदस्यज्यूहरु तथा सम्पूर्ण शेयरधनीज्यूहरुलाई अभिवादन गर्दै यस वर्षको वोनस शेयर को लागि धन्यवाद ज्ञापन गर्नु भयो र आगामी दिनहरुमा पनि १५ देखि २० प्रतिशत वोनश शेयर दिन सकोसे भनि कामना गर्नु भयो ।
आम्दानीमा शेयरधनी मार्फत मात्र नभई निक्षेप तथा कर्जामा पनि सुधार गर्ने सुझाव दिनु भयो तथा खुद व्याज आम्दानी १८ प्रतिशतले बढेको राम्रो देखिएको वताउनु भयो । वोनश शेयर तथा हकप्रद ले पूँजी बढ्छ र सो अनुसार लाभांश बढ्ने हो की होइन भन्ने कुराको जानकारी शेयरधनीहरुलाई दिन आग्रह गर्नुभयो । बैंकमा पूँजी बृद्धिले के कस्तो असर पर्ने हो भन्ने कुराको जानकारी पनि दिन आग्रह गर्नुभयो ।

**१२. चन्द्र नारायण श्रेष्ठ**

२० प्रतिशत बोनश शेयर प्रस्ताब गरेकोमा संचालक समिति, अध्यक्ष र व्यवस्थापन लाई धन्यवाद दिनुभयो । बैंकले प्रधानमन्त्री राहत कोषमा रु. १ करोड सहयोग गरेको कुरालाई उदार कदम भन्नुभयो । संचालन खर्च र संचालन आम्दानी अनुपात zigzag रहेको र यस्को अनुपात maintain गर्न जोड दिनुभयो । प्रतिवेदनमा लेखा परिक्षण बैठक १५ पटक बसेको उल्लेख भएको तर संचालक समितिको बैठक कति पल्ट बसेको उल्लेख नभएकाले आगामी वर्ष देखि सो खुलाईदिन अनुरोध गर्नुभयो । संस्थागत निक्षेप ६३ प्रतिशत देखिएकोले तरलतामा समस्या हुनसक्ने भनेर सजग गराउनुभयो । अध्यक्षको मन्तव्यमा जग्गामा कति लगानी भन्ने कुरा खुलाइदिएको भए राम्रो हुन्थ्यो भनेर सुझाव दिनुभयो । पूँजी रु. ८ अर्ब पुगेपछि रु. २ अर्ब खुद मुनाफा कमाउनुपर्छ र सो का लागी आजैबाट workout गर्न आग्रह गर्नुभयो । NBA रु. १ करोड ७४ लाख बाट बढेर रु. ६६ करोड पुगेकोमा चिन्ता गर्दै यसको उचित व्यवस्थापन गर्न आग्रह गर्नुभयो ।

**१३. नरसिंह लाल चखूँ**

प्रिमियर फाइनान्सको प्राप्ति share swap ratio तथा right share को समय सापेक्षता स्वागत योग्य रहेको बताउनूभयो । बैंकको आ.व.२०७१/७२ को आर्थिक गतिविधि ठीक रहेको बताउनुभयो । LLP विगत भन्दा घटेको, writeback बढेको कारणले Net Interest Margin मा मनग्य वृद्धि भएको कूरा प्रस्ट्याउनुभयो । प्राप्तिको कारण NBA बढेको र त्यस सम्बन्धी जोखिमहरुलाई ध्यान दिनूपर्ने, लगानी गरिएका शेयरलाई secondary market मा कारोबार गरी नाफालाई वृद्धि गर्नुपर्ने र करको मुद्दालाई चाँडै टुङ्गो लगाउनूपर्ने बताउनूभयो । Foreign Exchange management मा बैंकले सर्तकता अपनाई Treasury व्यवस्थापनमा ध्यान दिनु पर्ने कुरामा जोड दिनुका साथै DDR Ratio मा प्रगति गर्नुपर्ने बताउनुभयो । यस बैंक IT मा नं. १ रहनुका साथै MIS, बैंक सुशासनमा पनि सफल रहेको बताउनुभयो । मानव संसाधन सहि व्यवस्थापनले efficiency राम्रो रहेको बताउनुभयो । पूर्वधारका क्षेत्रमा ध्यान दिदैं शाखाहरु नाफा मुलक वनाउनु पर्ने कुरामा जोड दिनुभयो । अन्त्यमा, दशैं, तिहार तथा न्यू: दयाँ भिन्तुनाको शुभकामना समेत व्यक्त गर्नुभयो ।

**१४. राम गोपाल महर्जन**

दुई संस्थाको एक्विजिशन पश्चात पनि २० प्रतिशत वोनश शेयर तथा १०:५.५ हकप्रद शेयर प्रस्ताव गरेकोमा संचालक समितिलाई धन्यवाद दिनुभयो । बैंकको पूँजी वढे पश्चात शेयरधनीहरुलाई आगामी दिनमा वोनश शेयर तथा नगद लाभांश कम हुने हो कि भनि शंका व्यक्त गर्नु भयो । वासलातमा शेयरमा लगानी भएको देखिए पनि केकति नाफा/वोनस प्राप्त भएको हो, उल्लेख गरिदिनु भए राम्रो हुने सुझाव गर्नुका साथै समयमा शेयर बेची नाफा गर्न आग्रश गर्नुभयो । आगामी दिनहरुमा पनि बैंकले दिने बोनश शेयरको अनुपात तथा लाभांश नघटाउन आग्रह गरि बैंकको उत्तरोत्तर प्रगति को कामना गर्नु भयो ।

**१५. उत्तम पाठक**

उहाँले समग्र बैंकिक क्षेत्रमा सिटिजन्स बैंक इन्टरनेसनल लि. टप १० बैंक भित्र पुगोस् भन्ने इच्छा जाहेर गनूभयो । NII कम देखिएको तर operating profit राम्रो रहेको जानकारी दिनुभयो । निर्माणाधीने Corporate Building Earthquake resistance बनाउनूपर्ने सुझाव दिनुभयो ।

Investment in share & debenture गर्दा राम्रो analysis नभएको जस्तो देखिएको भनेर गुनासो गर्नुका साथै Neco insurance, Ridi hydro power मा नोक्सानी भएको र market value मा धेरैले नबढेको साथै आगामी दिनमा लगानी गर्दा विचार पुऱ्याउनुहोला भनेर सचेत गराउनुभयो । NBA को portion हवाततै बढेको र NBA लाई चाँडो भन्दा चाँडो dispose गरौ भनेर सुझाव दिनुका साथै loan recovery लाई चुस्त बनाउन सुझाव दिनुभयो । बैंकले आफै बढाएको चुक्ता पूँजी गर्ने प्रस्तावलाई सरहानीय छ भन्नूभयो । रु. ८ अर्ब पूँजी पुग्दा राम्रो क्षेत्रमा लगानी गर्ने साथै हरेक शाखाबाट राम्रो क्षेत्रमा लगानी बढाउन जोडदिनूभयो । भत्ता बढाउने प्रस्तावमा यो प्रस्ताव तेस्रो विशेष साधारण सभामा आएको र शेयरहोल्डरको अनुरोधमा तत्कालीन अध्यक्षले शेयरहोल्डरको कुरा सुन्नुभएकोमा धन्यवाद दिनूभयो । भत्ता बढाउने प्रस्तावमा समर्थन जनाएर, भत्ता बढेपछि कार्य क्षमतामा पनि वृद्धि होस् भनेर संचालक समितिलाई सजग गराउनुभयो ।

**१६. राजु श्रेष्ठ**

उहाँले आफ्नो सुझावहरु लिखीत रुपमै अध्यक्षज्यूलाई दिएको व्यहोरा सभालाई जानकारी गराउनुभयो ।

**१२. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञांशा एवं प्रश्नहरुको जवाफ :**

छलफल कार्यक्रममा झन्डै २० जना सहभागीहरुले दिनुभएको सुझावलाई संचालक समिति र व्यवस्थापनले सहर्ष ग्रहण गर्ने बताउनुभयो । वर्षको सुरुवातमै भुकम्प, नाकाबन्दी, बन्द, हड्तालले बैंकिक क्षेत्रमा असर परेतापनि नयाँ संविधान जारी भए पश्चात् सहज वातावरण बन्ने र लगानी क्षेत्र बढ्नेमा आशावादी रहेको बताउनुभयो । बैंकको इतिहासमा पहिलो पटक सबैभन्दा बढि लाभांश दिन पाएकोमा खुसी व्यक्त गर्नुभयो । बैंकले निक्षेप परिचालन गरेर थप कर्जा बढाउने योजना बनाएको तथा क्षमताले भ्याए सम्म शाखा विस्तार गर्दै लैजाने कुरा बताउनुभयो । खर्चमा कटौती गर्दै लैजाने, corporate governance सुदृढ गर्ने, मानव शक्तिलाई थप प्रोत्साहन गर्ने र लाभांशको yield वृद्धि गर्ने अवस्थाको सिर्जना गर्ने कुरामा विश्वस्त रहेको बताउनूभयो । बैंकले स्पष्ट लगानीको नीति लिएको र समग्र शेयरधनीहरुको सुझावलाई अंगीकरण गरी चिन्तन गर्ने कुरा बताउनूभयो । गैर् बैंकिक सम्पतिमा १०० प्रतिशत प्रोभिजन गरीसकिएकाले वासलातमा नदेखाइएको कुरा प्रष्ट पार्नुभयो । भौतिक सम्पतिमा परेको क्षतिको मर्मत धेरै भवनहरुमा गरीसकिएको कुरा बताउनुभयो । अन्त्यमा उहाँले बढी भन्दा बढी लाभांश दिन, बुद्धि विवेक र क्षमताले भ्याएसम्म निराश हुन नदिने र शेयरधनीहरुबाट सदैब निरन्तर सहयोगको अपेक्षा गर्ने कुरा बताउनुभयो ।

**१३. सभाको निर्णय**

(क) छलफलका लागि निर्धारित प्रस्तावहरु तर्फ

**(क) साधारण प्रस्तावहरु**

**१. अध्यक्षज्यूको मन्तव्य तथा आ.व. २०७१/७२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।**

सभामा प्रस्तुत आ.व. २०७१।७२ को सञ्चालक समितिको प्रतिवेदन सभापतिज्यूले अनुमोदनको लागि सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गर्‍यो ।

**२. लेखापरीक्षकको प्रतिवेदनसहित २०७२ आषाढ मसान्तको वासलात र मिति २०७१/०४/०१ देखि २०७२/०३/३१ सम्मको नाफा नोक्सानीको हिसाव तथा सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने ।**

लेखा परीक्षकको प्रतिवेदन सहितको २०७२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७१।७२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले उल्लेखित सम्पूर्ण वित्तीय विवरणहरु सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**३. मिति २०७२ बैशाख १२ गतेको महाभुकम्पवाट पिडितहरुको राहतको लागी प्रधानमन्त्री दैवि प्रकोप राहत कोषमा बैंकको तर्फवाट प्रदान गरिएको रु. १ करोड नगद चन्दा र विभिन्न जिल्लाका भुकम्प**

**पिडितहरुलाई सहयोगार्थ रु. २१ लाख ४७ हजार वरावरको जिन्सी सामान अनुदानलाई अनुमोदन गर्ने ।**

मिति २०७२ बैशाख १२ गतेको महाभुकम्पवाट पिडितहरुको राहतको लागी प्रधानमन्त्री दैवि प्रकोप राहत कोषमा बैंकको तर्फवाट प्रदान गरिएको रु. १ करोड नगद चन्दा र विभिन्न जिल्लाका भुकम्प पिडितहरुलाई सहयोगार्थ रु. २१ लाख ४७ हजार वरावरको जिन्सी सामान अनुदानलाई अनुमोदन गर्ने निर्णय गऱ्यो ।

**४. संचालक समितिबाट प्रस्ताव गरे अनुसार १.०५ प्रतिशत का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।**

सभामा प्रस्तुत सञ्चालक समितिवाट १.०५ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**५. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७२/७३ को लागि लेखा परीक्षण समितिको सिफारिसमा लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम आ.व. २०७२।७३ को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले लेखापरीक्षण समितिले सिफारीस गरे बमोजिम बैंकका लेखा परीक्षकमा श्री के.के. बुढाथोकी एण्ड एसोसिएटस्, चार्टड एकाउन्टेन्टस्लाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा लेखापरीक्षण शुल्क, कर लेखापरीक्षण शुल्क, लङ्गफर्म अडिट रिपोर्ट तयार गरेवापतको शुल्क र कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिम प्रतिवेदन समेत तयार गरे बापत एकमुष्ट रुपमा रु. १०,५०,००० ( मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**६. बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद चारको र संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको समूह "ख १" शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद एकको निर्वाचन गर्ने ।**

बैंकको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फवाट संचालक समितिमा प्रतिनिधित्व गर्ने संचालक पद चारको निर्वाचनको निमित्त चार जनाको मात्र उम्मेदवारी परेकाले समूह "क" मा श्री बालकृष्ण प्रसाई (राग इन्भेष्टमेण्टका प्रतिनिधि), श्री पवित्र कुमार कार्की, डा. चन्दा कार्की तथा श्री चन्द्र टण्डन र संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको समूह "ख १" शेयरधनीको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पद एकको निर्वाचनको निमित्त एक जनाको मात्र उम्मेदवारी परेकोले डा. शंकर प्रसाद शर्मा निर्विरोध निर्वाचित हुनु भएकाले उक्त निर्वाचनको परिणामलाई सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

ख. विषेश प्रस्तावहरु

**१. संचालक समितिबाट प्रस्ताव गरे अनुसार २० प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा वोनस शेयर वितरण तथा प्रिमियर फिनान्स लि.लाई प्राप्ती पश्चात कायम हुने चुक्ता पूंजीमा नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पूंजी वृद्धि गर्नको लागी शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको १० : ५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो गर्नको लागी आवश्यक काम कारवाही**

**गर्नको लागी संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी १० : ५.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गर्ने । तत्पश्चात बैंकको जारी तथा चुक्ता पुँजी रु. २,५५,४३,६१,५१४।- बाट वृद्धि भई रु.४,८०,९१,१६,९००।- (अक्षेरुपी रु. चार अरब असी करोड एकानव्वे लाख सोह्र हजार नौ सय मात्र) हुने र विद्यमान ५१.२८:४८.७२ पूँजी संरचना समेत परिवर्तन भई ५१.३२ : ४८.६८ हुने भएकोले सोही अनुसारको संलग्न अनूसुची वमोजिम हुने गरि बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने ।**

संचालक समितिबाट प्रस्ताव गरे अनुसार २० प्रतिशत वोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने तथा वोनस शेयर वितरण तथा प्रिमियर फिनान्स लि.लाई प्राप्ती पश्चात कायम हुने चुक्ता पूंजीमा नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम पूंजी वृद्धि गर्नको लागी शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको १० : ५.५ को अनुपातमा हकप्रद शेयर जारी गर्ने र सो गर्नको लागी आवश्यक काम कारवाही गर्नको लागी संचालक समितिलाई अख्तियार प्रदान गर्ने । यसरी १० : ५.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गर्ने । तत्पश्चात बैंकको जारी तथा चुक्ता पुँजी रु. २,५५,४३,६१,५१४।- बाट वृद्धि भई रु.४,८०,९१,१६,९००।- (अक्षेरुपी रु. चार अरब असी करोड एकानव्वे लाख सोह्र हजार नौ सय मात्र) हुने र विद्यमान पूँजी संरचना अर्थात संस्थापक समूहको ५१.२८ % र सर्वसाधारण समूह ४८.७२ % समेत परिवर्तन भई ५१.३२ % र ४८.६८ % हुने भएकोले सोही अनुसार हुने गरि बैंकको प्रवन्ध पत्र तथा नियमावली संशोधन गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव गरिएकोमा सो सभाबाट सर्वसम्मतिले पारित गरियो ।

२. **प्रवन्धपत्र तथा नियमावलीमा संलग्न अनूसुची बमोजीम निम्नानुसारको संशोधन गर्ने**

(क) **बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुमा थप गर्ने सम्वन्धी**

(ख) **बैंकको अधिकृत पूंजी, जारी तथा चुक्ता पूंजी वृद्धि गर्ने सम्वन्धी,**

(ग) **शेयर खरिद वा हस्तान्तरण गर्न वन्देज सम्वन्धी,**

(घ) **संचालकहरुको वैठक भत्ता तथा अन्य सुविधा वृद्धि गर्ने सम्वन्धमा**

बैंकको प्रवन्धपत्र तथा नियमावलीमा निम्नानुसारको प्रबन्ध-पत्रको दफा ५ को (क),(ख),(ग),(घ),(ङ) र (च)मा संशोधन तथा दफा ७ को (झ), (ञ), (ट), (ठ) र (ड) थप गर्ने र नियमावलीको नियम ८ को २ (क), नियम ११, नियम २०, नियम २९ (१)(ख) र नियम २९ (१)(ङ) मा संशोधन तथा थप गर्ने सम्वन्धमा सभा समक्ष प्रस्ताव गरिएकोमा सो सभाबाट सर्वसम्मतिले पारित गरियो ।

**प्रबन्ध-पत्रमा गरिएको प्रस्तावित संशोधनको तीन महले**

**प्रबन्ध-पत्रको दफा ४ मा (कघ) थप गर्ने दफा ५ को (क),(ख),(ग),(घ),(ङ) र (च) मा संशोधन तथा दफा ७ को (झ), (ञ), (ट), (ठ) र (ड) थप गर्ने**

| क.स | साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| १ | **४. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**<br>हाल नभएको | **४. बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**<br>(कघ) जीवन बीमा कम्पनीको कर्पोरेट एजेन्सी (अभिकर्ता) भई कार्य गर्ने । | बैंकको सेवा क्षेत्रलाई विस्तार गरी मुनाफा वृद्धि गर्न सहयोग पुग्ने भएको हुंदा थप गर्नु पर्ने हुनाले । |



CITIZENS BANK INTERNATIONAL LTD.
Citizens YOUR PARTNER FOR PROGRESS
Corporate Office
सिटिजन्स बैंक इन्टरनेशनल लि.

| | | | |
|---|---|---|---|
| २ | **५. बैंकको पूँजीको संरचना :**<br><br>(क) अधिकृत पूंजी रु. ५,००,००,००,०००।- (अक्षरेपी रु. पांच अरव मात्र) हुनेछ । सो पूंजीलाई रु. १००।- का दरले ५,००,००,००० (पांच करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ । | **५. बैंकको पूँजीको संरचना :**<br><br>(क) अधिकृत पूंजी रु. १०,००,००,००,०००।- (अक्षरेपी रु. दश अरव मात्र) हुनेछ । सो पूंजीलाई रु. १००।- का दरले १०,००,००,००० (दश करोड थान) साधारण शेयरमा विभाजित गरिएको छ । | नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम बैंकको शेयर पूंजी वृद्धि हुने भएकोले सोही अनुसार अधिकृत पूंजी समेत वृद्धि गर्नु पर्ने भएको हुनाले । |
| ३ | (ख) बैंकका जारी पूँजी रु.२,५५,४३,६१,५१४।- (अक्षेरुपी रु. दुई अरब पचपन्न करोड त्रिचालीस लाख एकसठ्ठी हजार पाँच सय चौध मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले २,५५,४३,६१५.१४ (दुई करोड पचपन्न लाख त्रिचालीस हजार छ सय पन्ध्र दशमलव चौध थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु.२,५५,४३,६१,५१४।-(अक्षेरुपी रु. दुई अरब पचपन्न करोड त्रिचालीस लाख एकसाठी हजार पाँच सय चौध मात्र) हुनेछ । | (ख) बैंकका जारी पूँजी रु.४,८०,९१,१६,९००।- (अक्षेरुपी रु. चार अरब असी करोड एकानव्वे लाख सोह्र हजार नौ सय मात्र) हुनेछ । सो पूँजीलाई रु.१००।- का दरले ४,८०,९१,१६९ ( चार करोड असी लाख एकानव्वे हजार एक सय उनान्सत्तरी थान) साधारण शेयरमा विभाजित गरिएको छ । बैंकले तत्काल जारी गर्ने शेयर पूँजी न्यूनतम रु.४,८०,९१,१६,९००।- (अक्षेरुपी रु. चार अरब असी करोड एकानव्वे लाख सोह्र हजार नौ सय मात्र) हुनेछ । | संचालक समितिले सिफारिस गरे वमोजिम २० प्रतिशत वोनस र प्रिमियर फिनान्स लि. लाई प्राप्ती र प्राप्ती पश्चात कायम हुने चुक्ता पूंजीको १०:५.५ ( अर्थात दश शेयर वरावर पांच दशमलव पांच) शेयरको अनुपातमा हकप्रद शेयर जारी गरिने हुनाले । यसरी १० : ५.५ को अनुपातवाट हकप्रद आधार हिसाव गर्दा खण्डीकृत भएमा त्यसलाई १ अंक गणना गर्ने गरि हकप्रद शेयर संख्या गणना गरी जारी गरिने । |
| ४ | (ग) बैंकको तत्काल चुक्ता पूँजी न्युनतम रु.२,५५,४३,६१,५१४।- (अक्षेरुपी रु. दुई अरब पचपन्न करोड त्रिचालीस लाख एकसाठी हजार पाँच सय चौध) मात्र हुनेछ । | (ग) बैंकको तत्काल चुक्ता पूँजी रु.४,८०,९१,१६,९००।- (अक्षेरुपी रु. चार अरब असी करोड एकानव्वे लाख सोह्र हजार नौ सय मात्र) हुनेछ । | |
| ५ | (घ) बैंकको जारी पूंजीको ४८.७२ प्रतिशत शेयर सर्वसाधारणका लागी छुट्याएको छ । | (घ) बैंकको जारी पूंजीको ४८.६८ प्रतिशत शेयर सर्वसाधारणका लागी छुट्याएको छ । | प्रिमियर फिइनान्स लि. लाइ प्राप्ती गरी शेयर पूंजी समायोजना पश्चात शेयर संरचनामा परिवर्तन हुने भएको हुंदा । |
| ६ | (ङ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१.२८ प्रतिशत हुनेछ । | (ङ) संस्थापक शेयरधनीहरुलाई समूह “क” मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ५१.३२ प्रतिशत हुनेछ । | |

| | | | |
|---|---|---|---|
| ७ | (च) सर्वसाधारणमा विक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व ४८.७२ प्रतिशत हुनेछ । संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको १७.६७ प्रतिशत शेयरका शेयरधनीलाई उपसमूह "ख-१" मा वर्गिकरण गरिएकोछ। यस समूहको शेयरमध्येवाट वढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय वमोजिम विक्री वितरण गर्न सकिनेछ। | (च) सर्वसाधारणमा विक्री गरिने शेयरका शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४८.६८ प्रतिशत हुनेछ । संस्थापक शेयरधनीहरुवाट सर्वसाधारण समूहमा परिणत गरिएको १७.४५ प्रतिशत शेयरका शेयरधनीलाई उपसमूह "ख-१" मा वर्गिकरण गरिएकोछ। यस समूहको शेयरमध्येवाट वढीमा ५ प्रतिशत सम्म शेयर बैंकका कर्मचारीहरुलाई छुट्याई संचालक समितिको निर्णय वमोजिम विक्री वितरण गर्न सकिनेछ। | |
| ८ | **७ शेयर खरिद वा हस्तान्तरण गर्न वन्देज:**<br>हाल नभएको | **७ शेयर खरिद वा हस्तान्तरण गर्न वन्देज:**<br>दफा ७ (ज) पछि देहायका दफा ७ (झ), (ञ), (ट), (ठ), (ड) थपगरिएको ।<br>(झ) बैंकले हकप्रद शेयर जारी गर्दा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ७ (१) वमोजिम सर्वसाधारणलाई विक्री वितरण गरिएको शेयर शेयरधारण गर्ने कुनै शेयरधनीले खरिद नगरेमा वा शेयर खरिद गर्ने हक अरुलाई विक्री वा हस्तान्तरण नगरेमा त्यसरी विक्री हुन नसकेको शेयरको अंश उपदफा (च) मा उल्लेखित अवस्थामा बाहेक अन्य अवस्थामा स्वत: खारेज हुनेछ।<br>(ञ) उपदफा (झ) वमोजिम खारेज हुने अवस्थामा प्रत्येक वर्ष समानुपातिक रुपमा चुक्ता पूंजी वृद्धि गर्दै लैजानु पर्ने नेपाल राष्ट्र बैंकको प्रावधान पालना गर्ने प्रयोजनका लागी त्यस्तो खारेजी गर्नु परेको शेयरको रकम हदसम्मलाई आगामी वर्षमा समायोजन गरीने छ।<br>(ट) उपदफा (झ) वमोजिम स्वत: खारेज गर्नुपरेको कारणवाट बैंकको शेयर स्वामित्व संरचनामा प्रतिकुल असर पर्ने अवस्था भएमा त्यस्तो शेयरको अंश सार्वजनिक सूचना मार्फत सार्वजनिक वोलकवोलको आधार (Public Auction Basis) मा न्यूनतम प्रति शेयर | बैंकले हकप्रद शेयर जारी गर्ने भएकोले प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार प्रवन्धपत्रमा सो कुराको व्यवस्था गर्न आवश्यक देखिएको हुनाले । |

| | | | |
|---|---|---|---|
| | | रु. १०० तोकि विक्री गर्न सकिनेछ । यसरी सार्वजनिक वोलकवोलको माध्यमद्वारा विक्री गर्दा प्रति शेयर रु. १०० भन्दा वढी प्राप्त हुन आउने रकम (Premium) लाई बैंकले छुट्टै Share Premium शीर्षक अन्तर्गत राख्नेछ ।<br><br>(ठ) संस्थापक समूह अन्तर्गतको विक्री हुन नसकेको हकप्रद शेयरको अंश विद्यमान संस्थापकहरुले खरीद गर्न सक्नेछन् । यसरी संस्थापक शेयरधनीले खरिद गर्न पाउने हकप्रद शेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा नेपाल राष्ट्र बैंकवाट जारी निर्देशनको अधिनमा रही हक हस्तान्तरण गरीनेछ ।<br><br>(ड) संस्थापक समूह अन्तरगतको विक्री हुन नसकेको हकप्रद शेयरको अंश बैंकको संस्थापक वाहेक अन्य व्यक्तिलाई विक्री गर्नु पर्ने भएमा प्रचलित कानून एवं नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुपको कार्यविधि अपनाई खरिदकर्ताको पहिचान गरी विक्री वितरण गरिनेछ । | |

**बैंकको नियमावलीमा गरिएको शंसोधनको तीन महले**
**नियमावलीको नियम ८ को २ (क) र नियम २९ (१)(ख)संशोधन गर्ने**

| क.स | साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|---|
| १ | **नियमावलीको नियम ८ को २ (क)**<br><br>संस्थापक समूहका शेयरधनी समुह "क" को प्रत्येक उपसमूहबाट १/१ ( एक/एक) जना आपसी समझदारीवाट मनोनित वा निर्वाचित पांच जना । | **नियमावलीको नियम ८ को २ (क)**<br><br>संस्थापक समूहका शेयरधनी समुहवाट आपसी समझदारीवाट मनोनित वा निर्वाचित ५ (पांच) जना । | नेपाल राष्ट्र बैंकको मिति २०७१।०६।०७ को परिपत्र वमोजिम "इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको संस्थापक शेधरधनीहरुलाई एउटै संस्थापक समूहमा राख्नु पर्नेछ । यो निर्देशन जारी हुंदा कुनै बैंक तथा वित्तीय संस्थाको प्रवन्धपत्र नियमावलीमा सो अनुसार को व्यवस्था नभएको भए आगामी साधारण सभाले सो सम्वन्धी प्रस्ताव पारित गरी संशोधन गर्नुपर्ने छ ।" भनि निर्देशन जारी भएको हुंदा । |
| ४ | **नियमावलीको नियम २९ को उपनियम (१) मा भएको व्यवस्था,**<br><br>(ख) संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १०,०००/- (रुपैयाँ दश हजार) र संचालकले पाउने बैंठक भत्ता रु. ८,०००/- (रुपैयाँ आठ हजार) हुनेछ । | **नियमावलीको नियम २९ को उपनियम (१) मा भएको व्यवस्था,**<br><br>(ख) संचालक समिति तथा उप-समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले पाउने बैठक भत्ता रु. १३,००० (रुपैयाँ तेह्र हजार) र संचालकले पाउने बैठक भत्ता रु. १२,००० (रुपैयाँ वाह्र हजार) हुनेछ । | संचालकहरुलाई समयानुकूल सुविधा प्रदान गर्न आवश्यक परेको हुनाले । |

**३. बैकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

बैकको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्न अनुमति लिनुपर्ने निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघटलगायत आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गऱ्यो ।

**४. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड तथा उपयुक्त कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धमा**

**अ. सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य कुनै पनि उपयुक्त वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर) तथा प्राप्ति (एक्विनिसन) गर्न सञ्चालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरि सो समितिले वा सञ्चालक समितिले नै सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अगाडि बढाउन साधारणसभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।**

आ. नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली २०६८ तथा प्राप्ति सम्बन्धी विनियमावली २०७० मा तोकिए बमोजिम सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिनेसमेतका अधिकार सञ्चालक समितिलाई हस्तान्तरण गर्ने ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र अन्य कुनै पनि उपयुक्त वित्तीय संस्था एक आपसमा गाभ्न र गाभिन (मर्जर) तथा प्राप्ति (एक्विनिसन) गर्न सञ्चालक समितिले आवश्यक भएमा मर्जर समिति गठन गरि सो समितिले वा सञ्चालक समितिले नै सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अगाडि बढाउन साधारणसभाबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने र नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने वा गाभिनेसम्बन्धी विनियमावली २०६८ तथा प्राप्ति सम्बन्धी विनियमावली २०७० मा तोकिए बमोजिम सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्याङ्कन गर्न राष्ट्रिय वा अन्तर्राष्ट्रिय मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्ति गर्न तथा गाभ्ने वा गाभिने वा प्राप्ति सम्बन्धी सम्झौता गर्न र अन्य सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी दिनेसमेतका अधिकार सञ्चालक समितिलाई हस्तान्तरण गर्ने प्रस्ताव गरिएको हुँदा उक्त प्रस्तावलाई स्वीकृत गरियोस भनी सभापतिज्यूले सभा समक्ष प्रस्ताव गर्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

**(ग) विविध ।**

विविध अन्तर्गत छलफलका लागी अन्य विषय नभएकोले साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरि प्रतिलिपि वुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

## १४. धन्यवाद ज्ञापन तथा सभा विसर्जन

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा नवौं वार्षिक साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै दिउँसो १२:३० बजे सभा विसर्जन गर्नुभयो ।

--------------
गणेश राज पोखरेल
कम्पनी सचिव

CITIZENS BANK INTERNATIONAL LTD.
Citizens
YOUR PARTNER FOR PROGRESS
Corporate Office

--------------
बालकृष्ण प्रसाई
अध्यक्ष